Department of State
Licensing Services

# सलोन मालिकहरूको भेन्टिलेसनका लागि कसरी गाइड गर्ने

**राज्य विभागलाई सम्पर्क गर्नुहोस्**

तपाईंसँग नयाँ भेन्टिलेसन आवश्यकताहरू वा तपाईंको व्यवसायलाई कसरी अनुपालनमा ल्याउनेसम्बन्धी कुनै प्रश्न छन् भने, कृपया राज्य विभागलाई ***518-474-4429*** मा सम्पर्क गर्नुहोस्। थप जानकारी र स्रोतहरू हाम्रो वेबसाइट (www.dos.ny.gov) मा फेला पार्न सकिन्छ।



## भन्नेसम्बन्धी सुझावहरू

**परिचय**

न्यूयोर्क राज्य विभागले अपनाएको नयाँ नियमले नङसम्बन्धी सेवाहरू प्रदान गर्ने सबै व्यवसायहरूलाई हानिकारक दूषित पदार्थ, धुवाँ र कणहरू रोक्न र निकास गर्न, सेवाग्राही र कामदारहरूबाट टाढा गराउनका लागि भेन्टिलेसन उपलब्ध गराउनुपर्छ। यी मापदण्डहरूले प्राथमिक भेन्टिलेसन प्रणालीलाई नियन्त्रित गर्दछन् र प्रत्येक मेनीक्योर र पेडीक्योर स्टेशनको *स्रोत क्याप्चर भेन्टिलेसन*को रूपमा चिनिने *स्थानीय निकास प्रणालीहरू*को प्रयोग गर्न आवश्यक पर्दछ। भेन्टिलेसन मापदण्डहरू 2015 अन्तर्राष्ट्रिय मेकानिकल कोड (International Mechanical Code) ("2015 IMC") को भाग हुन्।




**यस गाइडका बारेमा**

यस गाइडमा तपाईंलाई तपाईंको सलोन नियमन अनुसार छ भनी सुनिश्चित गर्नमा मद्दत गर्ने जानकारी समावेश छ। यसले नयाँ आवश्यकताहरू र तपाईंले अनुपालन गर्नका लागि अपनाउन सक्ने चरणहरूका बारेमा व्याख्या गर्छ। यसमा तपाईंलाई अनुपालन प्रक्रियामा महत्त्वपूर्ण चरणहरू पालना गर्नमा मद्दत गर्ने जाँचसूची पनि समावेश छ। तपाई यस कागजातमा समावेश गरिएका सबै विषयसूचीहरू यस वेबसाइटमा फेला पार्न सक्नुहुन्छ: https://dos.ny.gov/additional-information-nail-salons.

## कसरी....

I. **नयाँ भेन्टिलेसनका आवश्यकताहरूका बारेमा बुझ्ने** ........ 2
II. **अनुपालन मिल्दोजुल्दो (समान) छन् भनेर हेर्ने** ........ 4
III. **भेन्टिलेसन कार्य गर्नका लागि पेशेवर नियुक्त गर्ने** ........ 6
IV. **अनुपालनको हस्ताक्षर गरिएको प्रमाणपत्र प्राप्त गर्ने** ........ 9
V. **सलोन मालिकहरूका लागि जाँचसूची भएको चरणबद्ध मार्गनिर्देशन पालना गर्ने** ........ 10

## I. नयाँ भेन्टिलेसनका आवश्यकताहरूका बारेमा बुझ्ने

**नयाँ भेन्टिलेसनका आवश्यकताहरू**




न्यूयोर्क राज्यविभागले अपनाएको नयाँ नियमले नङसम्बन्धी सेवाहरू प्रदान गर्ने सबै व्यवसायहरूलाई हानिकारक दूषित पदार्थ, धुवाँ र कणहरू रोक्न र निकास गर्न, सेवाग्राही र कामदारहरूबाट टाढा गराउनका लागि भेन्टिलेसन उपलब्ध गराउनुपर्छ। यी मापदण्डहरूले प्राथमिक भेन्टिलेसन प्रणालीलाई नियन्त्रित गर्दछन् र प्रत्येक मेनीक्योर र पेडीक्योर स्टेशनको *स्रोत क्याप्चर भेन्टिलेसन*को रूपमा चिनिने *स्थानीय निकास प्रणालीहरू*को प्रयोग गर्न आवश्यक पर्दछ। स्थानीय निकास प्रणालीहरूले कामदार र सेवाग्राहीहरूले हानिकारक प्रदूषकहरूमा सास फेर्न नपरोस् भनेर नङसम्बन्धी सेवाहरूको कार्यसम्पादनको क्रममा सेवाग्राहीको हात वा खुट्टा वरिपरिका हावा तान्छन्।

***भेन्टिलेसनका नियमन र कोड:***

तपाईं निम्न वेबसाइटमा नयाँ भेन्टिलेसन नियमनको पाठ फेला पार्न सक्नुहुन्छ:
https://dos.ny.gov/ventilation-regulations.

तपाईं निम्न वेबसाइटमा 2020 अन्तर्राष्ट्रिय मेकानिकल कोड फेला पार्न सक्नुहुन्छ:
https://codes.iccsafe.org/content/NYSMC2020P1.

विभागले ठेकेदार र डिजाइन पेशेवरहरूका लागि "प्राविधिक मार्गदर्शन कागजात" विकास गर्न पेशेवर इन्जिनियरहरूसँग काम गऱ्यो। प्राविधिक मार्गदर्शन कागजातले भेन्टिलेसन प्रणालीहरूका लागि सटीक विनिर्देशन र आवश्यकताहरू उपलब्ध गराउँछ। ठेकेदार र डिजाइन पेशेवरहरूले तपाईंको सलोनका लागि एक अनुरूप प्रणाली डिजाइन गर्न प्राविधिक मार्गदर्शन कागजातलाई सन्दर्भ गर्नुपर्छ।

**अवस्थित व्यवसायहरूका लागि नयाँ आवश्यकताहरूको अर्थका बारेमा**

- तपाईंले अक्टोबर 3, 2016 ***अघि*** उपस्थिति वृद्धि व्यवसाय इजाजतपत्र प्राप्त गर्नुभयो भने, तपाईंसँग नयाँ भेन्टिलेसनका आवश्यकताहरू ***पूरा गर्न पाँच वर्ष*** रहन्छ।

- अवस्थित व्यवसायहरूलाई नयाँ भेन्टिलेसन मानकको अनुपालनका लागि अक्टोबर 3, 2021 सम्ममा निरीक्षण गरिने छैन।

- **अवस्थित व्यवसायहरूले अक्टोबर 3, 2021 देखि अनुपालनको प्रमाणपत्र प्राप्त गर्न र साइटमा राख्न आवश्यक हुने छ।**

**<u>नयाँ व्यवसायहरू</u>का लागि नयाँ आवश्यकताहरूको अर्थका बारेमा**

- तपाईंले अक्टोबर 3, 2016 ***<u>मा वा त्यसपछि</u>*** उपस्थिति वृद्धि व्यवसाय इजाजतपत्र प्राप्त गर्नुभयो भने, तपाईंले नयाँ इजाजतपत्रअन्तर्गत तपाईंको सलोन नखुल्दासम्म नयाँ भेन्टिलेसनका आवश्यकताहरूको ***<u>पालना गर्नुपर्छ</u>***

- नयाँ व्यवसायहरूले व्यवसाय सञ्चालन गर्नुअघि अनुपालनको प्रमाणपत्र प्राप्त गर्न र यो प्रमाणपत्रलाई साइटमा राख्न आवश्यक हुने छ।

- **विभागले अक्टोबर 3, 2016 देखि नयाँ भेन्टिलेसन** मानकको अनुपालनको लागि नयाँ व्यवसायहरू जाँच गर्ने छ।

- नयाँ मापदण्डको पालना नगर्ने नयाँ व्यवसायहरूले मापदण्डको पालना कसरी गर्ने भन्ने बारेमा विभागबाट उल्लङ्घनको सूचना र निर्देशन प्राप्त गर्ने छन्।

- ***विभागले तपाईंको नेल सलोनलाई नयाँ नियमहरूको अनुपालनमा ल्याउन धेरै महिना लाग्न सक्छ भन्ने कुरा पहिचान गर्दछ र विभागले सुनुवाईबाट बच्न तपाईंसँग काम गर्न सक्छ।*** धेरैजसो अवस्थाहरूमा, तपाईंले उल्लङ्घनको सूचना प्राप्त गरेको भए तापनि, उल्लङ्घनहरू सुधार गरेर वा तपाईंले नयाँ नियमहरूलाई अनुपालनमा ल्याउन उचित प्रयास गर्नुभएको विभाग प्रदर्शन गरेर जरिवानाहरू र सुनुवाईविना नै समस्याहरू समाधान गर्न सकिन्छ। तपाईंले नयाँ मापदण्डलाई अनुपालनमा ल्याउन उपयुक्त, असल विश्वासको प्रयास गरिरहनुभएको कुरा देखाउनका लागि तपाईंले विभागमा ल्याउन सक्ने कार्य र कागजातका प्रकारहरूका बारेमा थप जानकारीका लागि, https://dos.ny.gov/additional-information-nail-salonsमा उपलब्ध हाम्रो "निरीक्षण पछिका महत्त्वपूर्ण सुझाव र जानकारी" कागजात हेर्नुहोस्।

## II. अनुपालन मिल्दोजुल्दो (समान) छन् भनेर हेर्ने

**नमुना भेन्टिलेसन गरिएको नेल स्टेशनका रेखाचित्र र विवरणहरू**

**भेन्टिलेसन गरिएको मेनिक्यूर स्टेशन**



टेबल टप इन टेक एरेन्जमेन्ट

**दूषित हावा**

भेन्टिलेसन गरिएको टेबलमा एउटा पङ्खा हुन्छ जसले रासायनिक वाष्प र कणहरूलाई डक्टमा तानेर कोठाको वायुमण्डलमा जानबाट रोक्छ। भेन्टिलेसन गरिएको टेबलले विषाक्त रसायन र कणहरूलाई नङसम्बन्धी काम गर्ने कामदार र सेवाग्राहीहरू दुवैको श्वासप्रश्वास ठाउँमा पुग्नबाट रोक्ने भएकाले यो स्थानीय निकासको एक उदाहरण हो। भेन्टिलेसन गरिएको टेबलले सलोनको बाहिरको भागमा रहेको दूषित हावालाई पनि बाहिर निकाल्नुपर्छ।




**भेन्टिलेसन गरिएको पेडिक्यूर स्टेशन**




**दूषित हावा**

यस प्रकारको स्थानीय निकास प्रणालीले रासायनिक वाष्पहरू क्याप्चर गरी तिनीहरूलाई बाहिर निकाल्नका लागि मुभेवल हुडलाई



ओभरहेड इनटेक होज एरेन्जमेन्ट

स्थापना गरिएको नयाँ भेन्टिलेसन प्रणालीहरूका साथ वास्तविक सलोनका तस्वीरहरू
मेनिक्यूर र पेडिक्यूर स्टेशनहरू











## III. भेन्टिलेसन कार्य गर्नका लागि पेशेवर नियुक्त गर्ने

### पेशेवर नियुक्त गर्नुअघि

पेशेवरलाई बोलाउनुअघि, ठेकेदारहरूले नगरपालिकामा काम गर्नुअघि इजाजतपत्र लिनु आवश्यक छ कि छैन भनेर पत्ता लगाउन तपाईंले आफ्नो स्थानीय नगरपालिकासँग कुरा गर्नुपर्छ।

### भेन्टिलेसन प्रणालीको स्थापनामा सहायता गर्ने एक पेशेवर खोज्ने



व्यावसायिक इन्जिनियर र मेकानिकल ठेकेदारहरूले भेन्टिलेसनका प्रणालीहरू डिजाइन, निर्माण र स्थापना गर्न सक्छन्। व्यावसायिक इन्जिनियरहरू **न्यूयोर्क राज्य शिक्षा विभाग**द्वारा इजाजतपत्र प्राप्त छन्।

**<u>पेशेवर इन्जिनियरहरू</u>**

- **तपाईं निम्न वेबसाइटमा पेशेवर इन्जिनियर नियुक्त गर्नेबारे जानकारी फेला पार्न सक्नुहुन्छ:** https://www.op.nysed.gov/engineering
- **तपाईंले न्यूयोर्क राज्य शिक्षा विभागको निम्न वेबसाइटमा न्यूयोर्क राज्य इजाजतपत्र प्राप्त पेशेवर इन्जिनियरको इजाजतपत्र र दर्ता प्रमाणित गर्न सक्नुहुन्छ:** http://www.op.nysed.gov/opsearches.htm

<u>मेकानिकल ठेकेदारहरू</u>



- भेन्टिलेसनका प्रणालीहरू समावेश भएका व्यावसायिक निर्माण/नवीनकरण परियोजनाहरूमा विशेषज्ञ हुनुभएका मेकानिकल ठेकेदार खोज्नुहोस्।
- मेकानिकल ठेकेदारहरूले केही अवस्थामा भेन्टिलेसनका प्रणालीहरू डिजाइन गर्न सक्छन्। तपाईंलाई आफ्नो क्षेत्रमा मेकानिकल ठेकेदार पत्ता लगाउन सहायताको आवश्यकता भएमा, भित्री भेन्टिलेसनका प्रणालीहरू डिजाइन, निर्माण, स्थापना र मर्मत गर्ने ठेकेदार र व्यवसायीहरूको प्रतिनिधित्व गर्ने संगठनहरू अवस्थित हुन सक्छन्।
- दी ब्लू बुक नेटवर्क अफ कमरसियल कन्सट्रक्सन (The Blue Book Network of Commercial Construction) मेकानिकल ठेकेदारहरू पत्ता लगाउने एक अनलाइन स्रोत हो। दी ब्लू बुकमा मेकानिकल ठेकेदारहरू फेला पार्नुहोस्: http://www.thebluebook.com/cl/stall2844.htm




- तपाईंको क्षेत्रमा मेकानिकल ठेकेदार पत्ता लगाउन, हालै मर्मतसम्भारका काम गरेका हुन सक्ने अन्य व्यवसायिक मालिक (जस्तै रेस्टुरेन्टहरू), साथी वा तपाईंले चिनेका अन्य व्यक्तिहरूसँग कुरा गर्नुहोस्। वर्ड अफ माउथ रेफरल प्राय एक पेशेवर खोज्नका लागि सबै भन्दा राम्रो तरिका हो।




- साथै, तपाईं पहेँलो पृष्ठहरूमा वा अनलाइन खोज इन्जिनमा तलका कुनै पनि सुझाव गरिएका मुख्य शब्दहरू टाइप गरेर स्वतन्त्र खोज सञ्चालन गर्न सक्नुहुन्छ: “HVAC ठेकेदार”, “मेकानिकल ठेकेदार” वा “मेरो नजिकै रहेका मेकानिकल ठेकेदारहरू”। रेफरल र पेशेवरहरूका लागि इन्टरनेट वेबसाइटहरू जाँच गर्नुहोस् तर आफ्नो निर्णय प्रयोग गर्नुहोस् र प्रमाणित समीक्षाहरू नभएका साइटहरूबाट सावधान रहनुहोस्।

- तपाईंको स्टोरका लागि आवश्यक भएका प्रणालीको जटिलतामा निर्भर रहेर, तपाईंले एक मेकानिकल इन्जिनियरसँग परामर्श गर्नुपर्ने हुन सक्छ।

मेकानिकल इन्जिनियरहरू

मेकानिकल इन्जिनियरिङ एक अनुशासन हो जसले मेकानिकल प्रणालीहरूको डिजाइन, विश्लेषण, निर्माण र मर्मतका लागि इन्जिनियरिङ, भौतिक विज्ञान र सामग्री विज्ञानका सिद्धान्तहरू लागू गर्दछ।

- मेकानिकल इन्जिनियरलाई तपाईंको मेकानिकल ठेकेदारले सिफारिस गर्न सक्नुहुन्छ।

आर्किटेक्टहरू

आर्किटेक्ट न्यूयोर्क राज्य शिक्षा विभागद्वारा इजाजतपत्र प्राप्त दर्ता गरिएका डिजाइन पेशेवर हुन्। तपाईंलाई आफ्नो व्यवसायको उपस्थिति डिजाइन परिवर्तनहरूमा मार्गदर्शन चाहिएमा, तपाईंले इजाजतपत्र प्राप्त आर्किटेक्टसँग परामर्श गर्नुपर्ने हुन सक्छ।

- आर्किटेक्टसँग परामर्श गर्नुहोस् (आवश्यक भएमा वा तपाईंको मेकानिकल ठेकेदार वा मेकानिकल इन्जिनियरले सिफारिस गरेमा)।



**कुनै पेशेवर नियुक्त गर्दा**

- आवश्यक प्रत्येक सेवाका लागि एक भन्दा बढी पेशेवरसँग अन्तर्वार्ता गर्नुहोस्।
- तपाईंलाई आवश्यक पर्ने प्रत्येक सेवाका लागि *कम्तीमा* तीन सेवा प्रदायकहरूको अन्तर्वार्ता लिनु उत्तम अभ्यास हो।
- लिखित रूपमा सबै अनुमान र मूल्य उद्धरण प्राप्त गर्नुहोस्।
- तपाईंले धेरै महङ्गो मान्नुभएको मूल्य उद्धृत गरिएको छ भने, राम्रो दरका लागि अर्को पेशेवरलाई सम्पर्क गर्नुहोस्।

**पेशेवर इन्जिनियर वा मेकानिकल ठेकेदारहरूलाई के भन्ने**

- मेकानिकल ठेकेदारलाई तपाईं एक व्यवसाय मालिक हो भन्ने कुरा बताउनुहोस् र न्यूयोर्क राज्य नियमहरूअनुसार तपाईंले आफ्नो स्टोरमा भएका सबै वाष्प, धुवाँ, धुलो र अन्य वायु प्रदूषकहरू क्यापचर गर्नका लागि स्थानीय निकास प्रणाली (स्रोत क्याप्चर भेन्टिलेसन प्रणाली पनि भनिन्छ) स्थापना गर्नुपर्ने हुन्छ।
- मेकानिकल ठेकेदारलाई तपाईं आफ्नो व्यवसायभित्र प्रत्येक मेनिक्यूर र पेडिक्यूर स्टेशनमा रहेका स्थानीय निकास प्रणालीलाई डिजाइन, निर्माण र स्थापना गर्नका लागि उद्धरण खोज्दै हुनुहुन्छ भन्ने कुरा बताउनुहोस्।
- मेकानिकल ठेकेदारलाई विभागको "प्राविधिक मार्गदर्शन कागजात" को प्रतिलिपि दिनुहोस् जुन निम्न वेबसाइटमा उपलब्ध छ: [http://www.dos.state.ny.us/licensing/appearance/NailSalon%20Technical%20document.%20final.pdf](http://www.dos.state.ny.us/licensing/appearance/NailSalon%20Technical%20document.%20final.pdf)

(कृपया यस कागजातका प्रतिलिपिहरू राख्नुहोस् र लागूयोग्य भएमा यसलाई तपाईंको घरमालिक र तपाईंले भेन्टिलेसन प्रणालीको डिजाइन, स्थापना र मर्मतका लागि अनुमानहरू खोज्नुभएको कुनै पनि ठेकेदारहरूलाई उपलब्ध गराउनुहोस्।)

- तपाईंको ठेकेदारसँग "स्थानीय निकास प्रणाली" ("स्रोत क्याप्चर भेन्टिलेसन" पनि भनिन्छ) आवश्यक पर्ने अन्य प्रकारका व्यवसायहरूका लागि भेन्टिलेसनका प्रणालीहरूसम्बन्धी अनुभव भएमा उहाँहरूलाई सोध्नुहोस्।
- तपाईंको ठेकेदारसँग सबै आवश्यक इजाजतपत्रहरू छन् र http://www.op.nysed.gov/opsearches.htm मा ठीकसँग दर्ता गरिएको छ भने उहाँहरूलाई सोध्नुहोस्।
- तपाईंको ठेकेदारलाई उहाँहरूको दायित्व बीमा र कामदारको क्षतिपूर्ति बीमाको प्रमाण प्रदान गर्न अनुरोध गर्नुहोस्।
- तपाईंको भवनको अवधि, तपाईंको पसलको स्थान र आकार र तपाईंको अवस्थित भेन्टिलेसन प्रणालीहरूको अवधिसहित धेरै कारकहरूको आधारमा लागतहरू भिन्न हुने छन्। विशिष्ट स्रोत क्याप्चर प्रणालीहरू प्रति स्टेशन $500 देखि $1,500 सम्म हुन सक्छ। प्रमुख भेन्टिलेसन प्रणालीका स्तरवृद्धिहरू पर्याप्त रूपमा बढी खर्च हुन सक्छ।
- सधैं लिखित र विस्तृत सम्झौता र अनुमान आवश्यक छ। यसले तपाईंको सुरक्षा गर्ने छ र तपाईं र ठेकेदारले परियोजनाको दायरा र लागतबारे बुझ्नुभएको छ भनेर सुनिश्चित गर्न मद्दत गर्ने छ।
- अनुमति आवश्यक भएमा चयन गरिएको पेशेवरलाई तपाईंको परियोजनाका लागि निर्माण अनुमतिको प्रतिलिपि तपाईंसमक्ष उपलब्ध गराउन लगाउनुहोस्।

## IV. अनुपालनको हस्ताक्षर गरिएको प्रमाणपत्र प्राप्त गर्ने

भेन्टिलेसनका नियमनहरूअनुसार व्यावसायीहरूले भेन्टिलेसन प्रणाली स्थापनाकर्ता, निर्माता वा दर्ता गरिएको डिजाइन पेशेवरद्वारा हस्ताक्षरित प्रमाणपत्र प्राप्त गर्नुपर्छ जसबाट स्थापना गरिएको भेन्टिलेसन प्रणालीले नयाँ कानुनी आवश्यकताहरू पूरा गर्दछ। तपाईं आफ्नो पेशेवरलाई दिनका लागि अनुपालन फारामको खाली प्रमाणपत्र निम्न हाम्रो वेबसाइटमा पाउन सक्नुहुन्छ: https://dos.ny.gov/additional-information-nail-salons तपाईंले सधैं साइटमा अनुपालनको प्रमाणपत्र राख्नपर्छ।

# अनुपालनको नमुना प्रमाण पत्र

## सलोन मालिकहरूका लागि जाँचसूची भएको चरणबद्ध मार्गनिर्देशन पालना गर्ने

NEW YORK STATE OF OPPORTUNITY. | Division of Licensing Services

न्यूयोर्क राज्य
**राज्य विभाग**
**इजाजतपत्र सेवाहरूको विभाजन**
**उपस्थिति वृद्धि**
PO. Box 22001
Albany, NY 12201-2001
ग्राहक सेवा (518) 434-4429

www.du.ny.gov

**भेन्टिलेसनका लागि प्रमाणीकरण**

**यो प्रमाणीकरण विभिन्न परिसरहरूमा नङ विशेष सीप सेवाहरू प्रदान गर्ने सलुनहरूमा आवश्यक पर्छ**

**निम्न विवरणहरू अधिकृत संस्थापक, उत्पादक वा डिजाइन पेशेवरले पूरा गर्नुपर्छ:**

**यो प्रमाणीकरण पूरा गर्ने व्यक्तिको नाम:**________________________________.
**व्यवसायको नाम:** ________________________________
**व्यवसायको ठेगाना:**
**लाइसेन्स नम्बर** (यदि लागूयोग्य भएमा)**:** ____________________**टेलिफोन नम्बर:** ______________.
**टेलिफोन नम्बर:** ________________________________

**म: ☐ एक अधिकृत संस्थापक; ☐ एक उत्पादक; ☐ एक पञ्जीकृत वास्तुकार वा पेशेवर इन्जिनियर हुँ**

सलुनको नाम:____________________________________________________________.
सलुनको ठेगाना:__________________________________________________________.
सलुन मालिकको नाम:_____________________________________________________.
सलुनको स्क्वायर फुटेज:__________________ सलुनको UID नम्बर (यदि लागूयोग्य भएमा):__________________.
निरीक्षणको मिति:____________________ प्रमाणीकरणको मिति:_________________________.

न्यूयोर्कका संहिता, नियम तथा नियमनहरूको शीर्षक 19 को भाग 160 को खण्ड 160.16 बमोजिम, म यसद्वारा सलुनको भेन्टिलेसन सिस्टमले निम्न आवश्यकतालाई पूरा गर्छ भनी प्रमाणित गर्दछु:

☐ (1) 2015 IMC का खण्डहरू 401 र 403 मा उल्लिखित नेल सलुनहरूका लागि भेन्टिलेसन मापदण्डहरू वा (2) नेल सलुनमा रहेका प्रत्येक नेल स्टेशनका लागि 50 क्युबिक फिट प्रति मिनेटभन्दा बढीको दरमा नेल सलुनबाट एङ्कर गर्ने क्षमता छ।

☐ (a) 2015 IMC का खण्डहरू 401 र 403 मा उल्लिखित नेल सलुनहरूका लागि भेन्टिलेशन मापदण्डहरू वा (b) 50 क्युबिक फिट प्रति मिनेटभन्दा बढीको दरमा बाहिरी वायुप्रवाह आपूर्ति गर्ने क्षमता छ।

☐ सबै रासायनिक वाष्प, धुवाँ, धूलो र अन्य वायु प्रदूषकहरूलाई तिनीहरूको स्रोतमा क्याप्चर गर्न र त्यस्ता प्रदूषकहरूलाई बाहिरी वातावरणमा निकाल्नका लागि डिजाइन र निर्माण गरिएको हो।

☐ नेल सलुनबाट सबै निकास हावा (सबै रासायनिक वाष्प र धुवाँ, धूलो, र अन्य वायु प्रदूषकहरू र नङ विशेष सीप सेवाहरूबाट उत्पन्न हुने गन्धहरूसहित तर यतिमा मात्र सीमित छैन) नेल सलुनमा वा भवनको अन्य कुनै पनि ठाउँमा पुनः परिचालित नहुने गरी वा भवनको अन्य कुनै पनि ठाउँमा नफैलने गरी बाहिरी वायुमण्डलमा निस्कन्छ।

म यसद्वारा झुटो बयानको सजायअन्तर्गत उपर्युक्त जानकारी सत्य र सही छ भनी प्रमाणित गर्दछु।

पेशेवरको स्ट्याम्प (यदि लागूयोग्य

________________________________
प्रमाणीकरण प्रदान गर्ने व्यक्तिको हस्ताक्षर

DOS-2066 (08/16 मा संशोधित)

NEW YORK STATE | Department of State
Licensing Services

# सलोन मालिकहरूका लागि चरणबद्ध जाँचसूची

## ***भेन्टिलेसन अनुपालन जाँचसूची***

**तपाईंले आफ्नो परियोजना सुरु गर्नुअघि, निम्न कुरामा सुनिश्चित रहनुहोस्:**

- ☐ आफ्नो पट्टा समीक्षा गर्नुहोस् र कुनै पनि नियम र सर्तहरूका लागि आफ्नो घर मालिकसँग परामर्श गर्नुहोस् जसले सम्पत्तिमा निर्माण र नवीकरण परियोजनाहरू सञ्चालन गर्नु हुने छ। तपाईंलाई आफ्नो पट्टा समीक्षा गर्न मद्दत चाहिएमा वकीलसँग परामर्श गर्नुहोस्।
- ☐ नियमअनुसार भएका सलोनहरूबाट भेन्टिलेटेड नेल स्टेशनहरूको तस्वीर र विवरणहरू हेर्नुहोस्।
- ☐ मेकानिकल ठेकेदार, मेकानिकल इन्जिनियर वा आर्किटेक्ट पत्ता लगाउनुहोस्।
- ☐ तपाईंको मेकानिकल ठेकेदार, मेकानिकल इन्जिनियर र वा आर्किटेक्टलाई DOS "प्राविधिक विशिष्टता कागजात" को एक प्रतिलिपि उपलब्ध गराउनुहोस् ताकि उहाँले नियममा के समावेश छ भन्ने बारेमा बुझ्नुहुन्छ।
- ☐ आवश्यक प्रत्येक सेवाको लागि एक भन्दा बढी पेशेवरसँग अन्तर्वार्ता गरी परामर्श गर्नुहोस्। धेरै पेशेवरहरूसँग परामर्श गर्ने र विभिन्न उद्धरणहरू तुलना गर्ने गर्दा तपाईंलाई आफ्नो आवश्यकताहरूका लागि उत्तम पेशेवर छनोट गर्न अनुमति मिल्ने छ।
- ☐ राम्ररी कुराकानी गर्ने र तपाईंका सबै प्रश्नहरूको जवाफ दिन तयार रहने ठेकेदार खोज्नुहोस्।
- ☐ तपाईंको पेशेवरसँग "स्थानीय निकास प्रणाली" ("स्रोत क्याप्चर भेन्टिलेसन" पनि भनिन्छ) आवश्यक पर्ने भेन्टिलेसन प्रणालीको अनुभव छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।
- ☐ आवश्यक भएमा, तपाईंको पेशेवरसँग इजाजतपत्र छ भनेर सुनिश्चित गर्नुहोस्।
- ☐ आफ्नो पेशेवर छनोट गरिसकेपछि, आफ्नो पेशेवरलाई तपाईंका लागि निम्न कुराहरू उपलब्ध गराउन अनुरोध गर्नुहोस्:
    - लिखित र विस्तृत सम्झौता र अनुमान
    - पेशेवरको दायित्व बीमा र कामदारको क्षतिपूर्ति बीमा नीतिहरूको प्रतिलिपि
    - आवश्यक भएमा भवनको अनुज्ञापत्र र योजनाहरू